अबको निर्माण
भाग १०
नेपाल समाचारपत्र
सोमबार, असार ११ गते २०७५
Monday, June 25, 2018
wwwnewsofnepal.com


# निर्माण जगतमा देखिएको
# मिर्मिरे उज्यालो



**विकासका गतिविधि सञ्चालनमा आएपछि अर्थतन्त्र चलायमान हुन्छ, अर्थतन्त्र चलायमान भएपछि जनताको जीवनस्तर उकासिन्छ। त्यसैले अहिलेको सन्दर्भमा पुनर्निर्माण, नवर्निर्माण, पूर्वाधार विकास, स्मार्ट सिटी, औद्योगिक ग्राम जे नाम दिइए पनि अन्तिममा भनेको देश विकास नै हो।**

राजु श्रेष्ठ

नेपाललाई सन् २०३० सम्म मध्यम आय भएको मुलुकको सूचीमा स्तरोन्ति गर्ने सरकारले महत्त्वाकांक्षी लक्ष्य लिएको छ। लामो समयसम्म द्वन्द्वमा फसेको मुलुक त्यसपछि राजनीतिक संक्रमणकालका कारण दुई दशकभन्दा लामो अवधि अस्थिरता र असहजताका साथै अन्योलताका बीच रुमलिएको थियो।

नयाँ संविधान जारी भएपश्चात् विकासको आयाम शुरू हुने अपेक्षा सर्वत्र थियो तर त्यसबीचमा गएको महाभूकम्प र नाकाबन्दीका कारण मुलुकको आर्थिक गतिशीलतामा ठेस लाग्न पुग्यो। यद्यपि, तीन तहको निर्वाचन र मुलुक संघीय ढाँचामा गए त्यसअनुरूपको बजेटलगायतका गतिविधि पनि सञ्चालन भइरहेको सन्दर्भमा अब देश विकासले गति लिन्छ भन्ने आम जनविश्वास रहेको छ। सरकारको लक्ष्य र जनताको अटल विश्वास कायमै रहेका कारण सरकारले लिएको सन् २०३० सम्म मध्यम आय भएको मुलुकको सूचीमा स्तरोन्ति गर्ने लक्ष्य भेट्टाउन त्यति गाह्रो देखिँदैन

भूकम्पपछिको पुनर्निर्माणले गति लिन थालेको छ भने स्थानीय तहमा विकास निर्माणको अभियान नै सञ्चालनमा आएको छ। अहिले भइरहेको विकास निर्माणका काम कति वैज्ञानिक र कति दीर्घकालीन छन् भन्ने बहसको विषय अर्कै हुन सक्ला तर लामो समयसम्म अवरुद्ध रहेको प्रक्रियाले भने यति बेला गति लिएको छ। यो पक्कै पनि सकारात्मक विषयमा हो।

गाउँ-गाउँमा शुरू भएका विकास निर्माणको कामले मुलुकको अर्थतन्त्रलाई गतिशील बनाएको छ, रोजगारी सिर्जना गरेको छ, उद्योग व्यापार व्यवसायलाई टेवा पुऱ्याएको छ। समग्रमा भन्नु पर्दा अर्थतन्त्रलाई चलायमान बनाएको छ।

यतिखेर संघीय सरकार तथा प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७५/०७६ का निम्ति बजेट प्रस्तुत गरेका छन्। आठ वटा निकायबाट प्रस्तुत गरिएको बजेटमा प्राय: सबैको प्रमुख योजना पूर्वाधार विकास नै रहेको छ। निर्माणलाई प्राथमिकता दिइएको छ।

अझै ७ सय ५३ स्थानीय निकायको बजेट आउन बाँकी नै छ। संघीय ढाँचामा पहिलोपटक आएको बजेटमा केन्द्रदेखि स्थानीय तहसम्मको मुख्य लक्ष्य नै निर्माणमा केन्द्रित रहेको छ। पूर्वाधार विकास वा निर्माण जे भने पनि अन्तिम प्राप्ति भनेको विकास हो। चाहे त्यो बाटो निर्माण होस्, चाहे विमानस्थल होस्, जाहे जलविद्युत् आयोजना वा अन्य कुनै काम होस् सबैबाट अन्तिममा प्राप्त हुने भनेको विकास नै हो।

विकासका गतिविधि सञ्चालनमा आएपछि अर्थतन्त्र चलायमान हुन्छ, अर्थतन्त्र चलायमान भएपछि जनताको जीवनस्तर उकासिन्छ। त्यसैले अहिलेको सन्दर्भमा पुनर्निर्माण, नवर्निर्माण, पूर्वाधार विकास, स्मार्ट सिटी, औद्योगिक ग्राम जे नाम दिइए पनि अन्तिममा भनेको देश विकास नै हो।

बाँकी पृष्ठ २ मा






पृष्ठ १ को बाँकी

## निर्माण जगत्मा....











### बजेटको अवस्था कस्तो छ ?

आगामी आर्थिक वर्षका निम्ति १४ खर्ब १५ अर्ब १६ करोड १७ लाख रुपियाँको बजेट संघीय सरकारले ल्याएको छ। त्यसमध्ये पुँजीगततर्फ ३ खर्ब १३ अर्ब ९९ करोड २३.९ प्रतिशत बजेट विनियोजन भएको छ।

सरकारले प्रत्येक प्रदेशमा न्यूनतम २० उद्योगग्रामको पूर्वाधार विकासका लागि २८ करोड, भवन र शहरी विकासका लागि ३३ अर्ब, मदन भण्डारी राजमार्ग निर्माण गर्नका लागि ४ अर्ब ५० करोड, पर्यटकीय सम्भाव्य स्थल आसपासमा निर्माण हुने राजमार्गका पुल कलात्मक बनाउन तथा रणनीतिक सडक पुल निर्माण गर्नका लागि रू. ५ अर्ब २४ करोड ७६ लाख, सडक बोर्डको बजेट ५ अर्ब ५० करोड, यातायात पूर्वाधार विकासका लागि रू. १ खर्ब ९ अर्ब ३८ करोड ३७ लाख, पुनर्निर्माणका लागि १ खर्ब ५१ अर्ब विनियिोजन गरिएको छ।

त्यस्तै प्रदेश नम्बर १ सरकारले आर्थिक २०७५/०७६ का लागि ३५ अर्ब ९३ करोड ६० लाख बजेट ल्याएको छ। बजेटमा पुँजीगततर्फ १८ अर्ब ५० करोड ९२ लाख अर्थात् ५१ दशमलव ५ प्रतिशत छुट्टाइएको छ।

बजेटमा आगामी ५ वर्षमा १५ सय मेगावाट, १० वर्षमा ३ हजार र १५ वर्षमा ४ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने उल्लेख छ। प्रदेश सरकारले जलविद्युत्को विकासका लागि ७१ करोड बजेट विनियोजन गरेको छ। आवास तथा भौतिक पूर्वाधारका लागि ९ अर्ब ५० करोड रुपियाँ बजेट छुट्टाएको छ।

प्रदेश नम्बर २ को सरकारले २९ अर्ब ७८ करोड ६९ लाख ३८ हजार रुपियाँको बजेट प्रस्तुत गरेको छ। त्यसमध्ये पुँजीगततर्फ १५ अर्ब ३१ करोड १३ लाख अर्थात् कुल बजेटको ५१.४० प्रतिशत हो। सडक सञ्जाल विकासका लागि प्रदेश सरकारले १ अर्ब २६ करोड, सिँचाइ क्षेत्रका लागि ५२ करोड ५२ लाख बजेट विनियोजन गरेको छ।

यसै गरी प्रदेश नम्बर ३ को सरकारले ३५ अर्ब ६१ करोड ५६ लाख रुपियाँको बजेट ल्याएको छ। बजेटमा १ सय १९ स्थानीय तहलाई ५ अर्ब २८ करोड ८२ लाख बजेट विनियोजन गरिएको छ। प्रदेशको आधारका रूपमा रहेको पूर्वाधार विकास, पर्यटन तथा कृषिलाई उच्च प्राथमिकतामा राखिएको छ।

प्रदेश नम्बर ४ को सरकारले २४ अर्ब २ करोड ३३ लाख रुपियाँको बजेट विनियोजन गरेको छ। जसमध्ये पुँजीगततर्फ १५ अर्ब ९० करोड ७८ लाख रुपियाँ विनियोजन भएको हो।

बजेटमा एक निर्वाचन क्षेत्र एक स्तरीय सडक कार्यक्रमअन्तर्गत प्रदेशका ३६ निर्वाचन क्षेत्रका लागि २ करोड १० लाखका दरले ७५ करोड ६० लाख रुपियाँ विनियोजन गरिएको छ। मोटरेवल पुल निर्माण गर्न ५१ करोड ८५ लाख, एक स्थानीय तह, एक औद्योगिकग्रामको स्थापनाका लागि १२ करोड छुट्याइएको छ।

प्रदेश नम्बर ५ को सरकारले ल्याएको २८ अर्ब ९ करोड ३ लाख रुपियाँको बजेटमध्ये पुँजीगत खर्चतर्फ १६ अर्ब ६५ करोड ४३ लाख ९८ हजार अर्थात् कुल बजेटको ५९ दशमलव २० प्रतिशत विनियोजन गरिएको छ।

बजेटमा भैरहवा-बुटवल, नेपालगन्ज-कोहलपुर र तुलसीपुर-घोराहीको एकीकृत विकास गरी महानगर प्राधिकरण बनाउन बजेटको व्यवस्था गरिएको उल्लेख छ। दाङ र बुटवलमा रंगशाला बनाइने, पाल्पा-रोल्पा सडकलाई विशेष प्राथमिकता दिएको छ।

त्यस्तै कर्णाली प्रदेश सरकारले २८ अर्ब २८ करोड २८ लाख २८ हजारको बजेट सार्वजनिक गरेको छ। त्यसमध्ये पुँजीगततर्फ २१ अर्ब २४ करोड ४३ लाख ४३ हजार रुपियाँ विनियोजन गरिएको छ। 'जनता सडक कार्यक्रम' अन्तर्गत प्रत्येक सांसदलाई ५ करोडका दरले १ अर्ब २० करोड रुपियाँ बजेट विनियोजन गरिएको छ।

> नेपालमै उपलब्ध क्लिंकरलगायतका कच्चा पदार्थ उपयोग हुने तथा यस क्षेत्रमा लगानी बढाई सुलभ ढुवानीको वातावरण बनाउन सरकारले भूमिका खेलेको खण्डमा सिमेन्टको मूल्यवृद्धि नियन्त्रण गर्न सजिलो हुन्छ।

प्रदेश गौरवका सडक आयोजना निर्माणका लागि बहुवर्षीय आयोजनाका रूपमा १ अर्ब २८ करोड, स्थानीय तहका सडक निर्माण, मर्मत र स्तरोन्नतिका लागि २० करोड, शहरमा सडक निर्माण र स्तरोन्नति गर्न १४ करोड रुपियाँ छुट्याइएको छ। प्रदेश सरकारले सय मेगावाटको एक जलविद्युत् आयोजना निर्माण गर्ने भएको छ। साथै कर्णाली र भेरी करिडोरमा विद्युत् प्रसारण लाइन बिस्तार तथा साना तथा मझौला जलविद्युत् आयोजना निर्माण गर्नका लागि सार्वजनिक, सामुदायिक र निजी लगानीलाई प्रोत्साहन गर्न २५ करोड बजेट विनियोजन गरिएको छ।

प्रदेश नम्बर ७ को सरकारले २५ अर्ब ६ करोड ५६ लाख १४ हजार रुपियाँको बजेट प्रस्तुत गरेको छ। जसमध्ये पुँजीगततर्फ ११ अर्ब ७१ करोड ४८ लाख १३ हजार अर्थात् ४६ दशमलव ७४ प्रतिशत विनियोजन गरिएको छ।

### निर्माण सामग्रीको उपलब्धता कस्तो छ ?

सरकारलगरेको लगानीको तुलनामा तेब्बर लगानी निजी क्षेत्रबाट हुने विज्ञको विश्लेषण छ। यस अर्थमा निर्माण क्षेत्रसँग सम्बन्धित सबै सरोकारवालाका निम्ति यति बेला अवसरका रूपमा रहेको छ।

वास्तवमा यी कुरा नेपालको निर्माण उद्योगका निम्ति सुखद् खबर हो। निर्माणका काम द्रुत गतिमा अगाडि बढ्नुले नेपालको निर्माण जगत्मा लगानीको ढोका खोल्नु हो। निर्माण उद्योग भन्नाले सिमेन्ट, छड, पाइप, बालुवा, इँटा, रङ, तारलगायतका उद्योगहरू रहेका छन्। पछिल्लो समयमा यी उद्योगहरू फस्टाउँदै गएको अवस्था पनि छ। तसर्थ, अहिले यो क्षेत्रमा लगानीको उच्च सम्भावना रहेको देखिन्छ। यी वस्तुमध्ये पनि सिमेन्ट र छडको उपयोग तुलनात्मकरूपमा बढी हुन्छ। भौतिक पूर्वाधार निर्माणका निम्ति महत्त्वपूर्ण भूमिका रहने सिमेन्टमा नेपाल आत्मनिर्भरतर्फ उन्मुख रहेको छ। करिब चार दर्जनको संख्यामा रहेका सिमेन्ट, क्लिंकर उद्योगले नेपालको माग धान्ने गरी उत्पादन गर्न थालेका कारण सिमेन्टमा नेपाल आत्मनिर्भर हुँदै गएको हो।

सिमेन्ट उत्पादकहरूका अनुसार हाल सिमेन्टको वार्षिक माग नेपाली बजारको वार्षिक खपत करिब ५० लाख टन हो। यसमध्ये ८० देखि ९० प्रतिशत आन्तरिक उत्पादनले धान्ने गर्छ। त्यस्तै ७० प्रतिशत क्लिंकर पनि स्थानीय बजारबाटै आपूर्ति हुन्छ। त्यस कारण बाँकी क्लिंकर भारतबाट आयात हुने गर्छ। नेपालमै क्लिंकर उत्पादन गर्ने कम्पनीको संख्या १३ वटा छन्। नेपाली सिमेन्ट उद्योगले ४ मिलियन टनभन्दा बढी सिमेन्ट उत्पादन गर्दै आएका छन्। नेपाली उद्योगको क्षमता भने करिब ७ मिलियन टन रहेको छ।

विगतमा लोडसेडिङ र अन्यका कारणले पूर्ण क्षमतामा उद्योग सञ्चालन हुन नसक्दा क्षमताअनुसारको उत्पादन गर्न सकिरहेका थिएनन्। तर, अहिले लोडसेडिङ अन्त्य भएका कारण उत्पादन बढिरहेको छ। त्यस्तै नेपालमा कच्चा पदार्थको उपलब्धता कम हुँदा विगतको तलुनामा क्लिंकरको आयात भने बढेको छ।

नेपालमै उपलब्ध क्लिंकरलगायतका कच्चा पदार्थ उपयोग हुने तथा यस क्षेत्रमा लगानी बढाई सुलभ ढुवानीको वातावरण बनाउन सरकारले भूमिका खेलेको खण्डमा सिमेन्टको मूल्यवृद्धि नियन्त्रण गर्न सजिलो हुन्छ।

नेपाली उत्पादनको गुणस्तर र मागअनुसार आपूर्ति क्षमता राख्ने भए पनि ठूला परियोजनाहरूमा भने नेपाली सिमेन्टको प्रयोग कम हुने गरेको व्यवसायीको गुनासो छ। ठूला परियोजना निर्माण गर्दा सरकारले ठेकेदार कम्पनीलाई भन्सार छुटको सुविधा दिने र दातृ निकायले समेत विदेशको उत्पादन प्रयोग गर्नुपर्ने सर्त अगाडि सार्ने भएकाले नेपाली सिमेन्टले ठूला परियोजनामा प्रवेश पाउन सकेका छैनन्।

कच्चा पदार्थमा आयातमा समस्या, महँगो ढुवानी, पर्याप्त विद्युत् नहुँदा नेपाली सिमेन्टको उत्पादन मूल्य बढी रहेको छ। चुनढुंगामा लाग्ने कर, चुनढुंगाको उपलब्धता समस्या, वन, भूमि सुधारमा अनेक झमेलालगायतका कारण नेपाली सिमेन्ट अहिले दक्षिण एसियाकै महँगो सिमेन्ट हुन पुगेको छ।

स्वदेशी उत्पादनले नेपाल गुणस्तर चिह्न प्राप्त गरी बिक्री वितरण गरिँदै आएको भए पनि भारतलगायत अन्य देशबाट आयात गरिने सिमेन्टको नेपालमा गुणस्तर परीक्षण नहुने प्रवृत्ति बिडम्बना छ। ठूला परियोजनाका निम्ति भन्सारलगायतका सहुलियत त दिइन्छ नै त्यसमा पनि गुणस्तरसमेत परीक्षण गरिँदैन उनीहरूको गुणस्तर कस्तो छ भन्ने थाहा नपाई ठूला परियोजनामा प्रयोग हुने गरेको छ। यसलाई रोक्नुपर्ने सरोकारवालाको भनाइ छ। त्यस्तै भारतबाट आयात हुने ओपीसी सिमेन्टमा एउटै ग्रेडको हुन्छ। तर, नेपालमा भने त्यस्तो छैन, नेपाली सिमेन्टलाई विभिन्न ग्रेडमा छुट्टाइने गरिएको छ। भारतीय सिमेन्टको नेपालमा आयात गर्दा ग्रेड छुट्टाइने प्रक्रिया छिट्टै हुने तयारी भएको छ। त्यसै गरी खानीमा स्थानीयबासीको अवरोध, स्थानीय निकायले लिने दोहोरो कर, वन उपभोग र वनमा स्वीकृति लिन झन्झटिलो प्रक्रिया एवं जग्गाको हदबन्दी सिमेन्ट उद्योगामा देखिएका चुनौती हुन्।

नेपालको महाभारत रेन्जको धेरै स्थानमा चुनढुंगा रहेकाले स्थापित उद्योगका लागि पर्याप्त कच्चा पदार्थ रहेको छ। केही वषअघि खानी विभागले गरेको अध्ययनमा १२ सय मिलियन टन नेपालबाट सिमेन्ट उत्पादन गर्न सकिने क्षमता रहेको बताइए पनि त्योभन्दा कयौं गुणा बढी क्षमता नेपालमा रहेको व्यवसायीको दाबी छ। विद्युत् आपूर्ति सहज, कामदारको परिश्रमिक, दोहारो कर प्रणाली, खानीमा स्थानीयबासीको अवरोध गर्ने जस्ता प्रवृत्तिलाई नियन्त्रण गर्दै उत्पादन लागत घटाउने हो भने नेपाली सिमेन्ट निर्यातका लागि ढोका खुल्ने र वैदेशिक व्यापारघाटा न्यून गर्ने व्यवसायीको भनाइ छ।

अग्नि सिमेन्टका निर्देशक तारा पोखरेल वर्षा मौसम शुरू भएसँगै सिमेन्टको उत्पादनमा कमी आएको बताउनुहुन्छ। दशैंपछि मात्र निर्माणको काम शुरू हुँदा त्यसपछि बजार बढ्नेमा आशावादी हुनुहुन्छ। उहाँका अनुसार अहिले सिमेन्टमा प्रयोगमा हुने कच्चा पदार्थ कोइला आयातमा समस्या रहेको छ। तेस्रो देशबाट आयात हुने कोइला भारत हुँदै नेपाल आउने गरेको छ। भारतमा पनि कोइला संकट रहेको अवस्था छ। भारतमा कोइला पर्याप्त भएपछि मात्र नेपाल पठाउने हुने नेपाली सिमेन्ट उद्योगमा कोइला अभाव रहँदै आएको छ। भन्सार र कोइला आयात गर्दा ग्याकको समस्याको कारण आयातमा समस्या रहँदै आएको छ। साथै डलरको भाउ अन्तर्राष्ट्रिय बजारमा बढेसँगै कच्चा पदार्थको ३ महिना अगाडि ३० डलरसम्म वृद्धि भएको छ।

अर्कोतर्फ छड, डन्डीमा नेपाल आत्मनिर्भर रहेको छ। नेपालमा निर्माण हुँदै आएका ठूला परियोजनामा स्वदेशी उत्पादनको प्रयोग उत्साहजनक रहेको छ। भारतीय उत्पादनको तुलनामा नेपाली उत्पादन केही महँगो हुने गरे पनि भारतीय उत्पादनमा भन्सार शुल्क लाग्ने भएकाले स्वदेशी उत्पादनले नेपालमा प्रतिस्पर्धा गर्न सक्षम छन्।


लक्ष्मी स्टिलका प्रबन्ध निर्देशक विष्णु न्यौपानेले डन्डीको ९० प्रतिशत कच्चा पदार्थ आयत गर्नुपर्ने बाध्यता रहेको बताउनुहुन्छ। उहाँका अनुसार स्वदेशी उत्पादनले नै नेपाली बजारको माग धानिरहेको अवस्था छ। विगतमा आपूर्तिभन्दा माग बढी रहेकाले गर्दा समस्या रहेको थियो। अहिले भने यस्तो अवस्था नरहेको। अमेरीकी डलरको भाउ बढ्दा नेपालमा पनि यसले प्रभाव पार्ने गरेको छ। कच्चा पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजारमा नै बढिरहेकाले नेपालमा पनि मूल्यमा फरक पार्दै आएको उहाँको भनाइ छ।

### निष्कर्ष

सरकारको प्राथमिकता, जनताको अपेक्षा र लगानीकर्ता सुनिश्चितताका कारण नेपालमा यतिखेर निर्माण क्षेत्रको भविष्य राम्रो छ। विकासको मूल आधार निर्माण नै भएकाले चाहे, त्यो विशाल भवन निर्माण होस्, चाहे सानो आवास होस् वा ठूला-ठूला परियोजना नै किन नहुन यस बेला नेपालमा धमाधम निर्माण हुँदै गरेका छन्।

केन्द्रदेखि स्थानीय तहसम्म सबैतिर निर्माणका काम भइरहेका छन्। यो पक्कै पनि नयाँ नेपालको शुरुआत हो। यसलाई सकारात्मकरूपमा लिनुपर्छ। तर, विकाससँगै आउने विनाश र विकास निर्माणकामा क्रममा हुने अवरोधतर्फ सरोकारवाला सचेत हुनै पर्छ। नेपालमा यी दुवै विषय गम्भीर समस्याका रूपमा देखा परेका छन्।

बजारको माग, लगानीको सुनिश्चिता र स्रोतको उपलब्धता रहेको वर्तमान सन्दर्भमा नेपालको निर्माण जगत्ले फड्को मार्ने बेला आएको छ। यसका निम्ति राज्य संयन्त्र, सर्वसाधारण र स्वयं उद्यमी जिम्मेवार हुनै पर्छ। काम गर्ने वातावरण मिलाइने राज्य संयन्त्रको हो, काम गर्दा सहजता प्रदान गर्ने सर्वसाधारणको र कामप्रति इमानदारिता प्रदान गर्ने व्यवसायीको दायित्व भएकाले सबै आ-आफ्नो दायित्वप्रति प्रतिबद्ध हुनै पर्छ, यो युगको आवश्यकता पनि हो।








# हवाई तथा पर्यटन क्षेत्रमा निर्माण सामग्रीको उच्च माग

> सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०७५/०७६ को बजेटमा हवाई क्षेत्रमा १९ अर्ब ३५ करोड रुपियाँ बजेट विनियोजन गरेको छ। सरकारले प्राथमिकतामा राखेर बृहत् योजना ल्याएको हुँदा हवाई यातायातको पूर्वाधार विकासमा ठूलो परिमाणमा निर्माण सामग्रीको खपत हुने देखिएको छ।

दीपेन्द्र थापा

पूर्वाधार विकासका निम्ति सडक र पुल जस्तै विमानस्थलको निर्माण पनि अत्यन्तै महत्त्वपूर्ण रहेको छ। नेपालमा जसरी सडक, पुल, भवन निर्माणले तीव्रता पाएको छ। त्यसको गतिमा विमानस्थल निर्माणको उत्तिकै सक्रियता रहेको छ। निजगढ र भैरहवाको अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा क्षेत्रीय विमानस्थल अहिले राष्ट्रिय प्राथमिकतामा रहेका विमानस्थल हुन्। निर्माणको चरणमा रहेका यी विमानस्थलमा अर्बौं रुपियाँ लगानी भइरहेको छ। राष्ट्रिय महत्त्वका यी विमानस्थल निर्माणका निम्ति ठूलो परिमाणमा निर्माण सामग्रीको आवश्यकता पर्छ।

स्वदेशमा उत्पादन भएका निर्माण सामग्रीको गुणस्तरीता, स्रोतको उपलब्धताको परीक्षण गर्न पनि यी विमानस्थल रणनीतिकरूपमा महत्त्वपूर्ण रहेका छन्। त्यसबाहेक क्षमता बिस्तार र स्तरोन्तिका क्रममा रहेका अन्य विमानस्थलका कारण पनि नेपालमा निर्माण समग्रीको खपत उच्च रहेको देखिन्छ।

नेपालमा कुल ५१ वटा विमानस्थल रहेकोमा हाल ३१ विमानस्थल सञ्चालनमा रहेको छन्। करिब २० वटा विमानस्थलको स्तरोन्नति भइरहेको छ। पर्यटन विकास र मानिसको जीवनशैलीमा आएको परिवर्तनका साथै क्रयशक्तिमा भएको वृद्धिका कारण नयाँ विमानस्थलको माग पनि बढी रहेको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणमा १४ वटा विमानस्थल निर्माणका निम्ति माग गरिएको छ भने हाल ७ वटा विमानस्थलको निर्माणकार्य भइरहेको छ।

पछिल्लो समयमा हरेक जिल्लाबाट विमानस्थलको माग हुने गरेको प्राधिकरणले जनाएको छ। प्राधिकरणले इलाम, गुल्मी, कालिकोट, पोखरा र भैरहवालगायतका क्षेत्रमा विमानस्थल निर्माणाधीन अवस्थामा रहेको प्राधिकरणका इन्जिनियर पुष्पराज न्यौपानेले बताउनुभयो।

नयाँ माग गरिएको विमानस्थलमध्ये उदयपुर, अर्घाखाँची, धनकुटा, धरान सोलुखुम्बु, पाल्पा, सुर्खेतलगायतका स्थामा सम्भाव्यता अध्ययन अन्य कानुनी प्रक्रिया भइरहेको न्यौपानेले बताउनुभयो।

राजविराजसहित ३९ विमानस्थलमा ९६ प्रकारको स्तरोन्तिको काम भइरहेको प्राधिकरणका प्रवक्ता वीरेन्द्र श्रेष्ठले जानकारी दिनुभयो। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पनि स्तरोन्तिको काम भइरहेको छ। सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०७५/०७६ को बजेटमा हवाई क्षेत्रमा १९ अर्ब ३५ करोड रुपियाँ बजेट विनियोजन गरेको छ। सरकारले प्राथमिकतामा राखेर बृहत् योजना ल्याएको हुँदा हवाई यातायातको पूर्वाधार विकासमा ठूलो परिमाणमा निर्माण सामग्रीको खपत हुने देखिएको छ। हवाई पूर्वाधार निर्माण फरक ढंगबाट गरिने भएकाले सानो परियोजना नै भए पनि त्यहाँ धेरै मात्रामा निर्माण सामग्रीको अवश्यकता पर्छ। त्यसैले गुणस्तर र परिमाणमा योग्य कम्पनीले आफ्ना उत्पादन कहाँ खपत गराउने भन्ने चिन्ता छैन।

अन्यत्र जस्तै हवाई पूर्वाधारको विकासमा ठेकेदार, ऋणदाता र सहयोग विदेशीको हुने हुँदा निर्माण सामग्री पनि विदेशकै हुने सम्भाना धेरै हुन्छ। परियोजनाको सम्झौता गर्दा यस किसिमको प्रावधान राख्ने प्रचलन रहँदै आएको पृष्ठभूमिमा नेपाली उत्पादनको बजार बिस्तारका निम्ति चुनौती बन्न सक्छ। त्यसका निम्ति पहिलो कुरा नेपालको निर्माण सामग्री अन्तर्राष्ट्रिय मापदण्डअनुसार विकास गर्नुपर्‍यो अर्को कुरा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने विषयलाई नीतिगतरूपमा नै निर्णय भएको सन्दर्भमा नेपालको निर्माण बजार बिस्तारका लागि यो उपयुक्त माध्यम हुन सक्छ।

सरकारले हरेक कोणबाट विकास-विकास मात्रै भनेको हुँदा विकासका निम्ति निर्माण पहिले गर्नुपर्ने र त्यसलाई निर्माण सामग्री आवश्यक पर्ने भएकाले यति बेला नेपालका निर्माण सामग्री उत्पादक कम्पनीलाई सम्भावना नै सम्भावना रहेको देखिन्छ।

## ठूला होटलको संरचनामा विकास हुँदै

पर्यटन विभागका अनुसार सन् २०२० सम्म थप १० वटा पाँचतारे होटल थपिँदै छ। हालसम्म २ अर्ब ५० करोड रुपियाँ होटल क्षेत्रमा लगानी रहेकोमा थप ३३ अर्ब लगानी हुँदै छ। होटल संघ नेपालका महासचिव विनायक शाहका अनुसार साना-ठूला गरी समग्र होटल क्षेत्रमा १० खर्बको हाराहारीमा लगानी रहेको बताउनुहुन्छ।

सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्य सरकारले बजेट मार्फत लिएको छ। ४ हजार नयाँ बेड थपिँदै छन्। यसपछि कुल बेड क्षमता ४२ हजार पुग्नेछ। थपिने बेडमध्ये २ हजार काठमाडौंमा थपिने छन्। पर्यटन विभागका अनुसार १० महिनामा १९ पर्यटकीय होटल दर्ता भएका छन्। पर्यटक विभागमा हालसम्म दर्ता भएको १ तारे होटलको संख्या ३६ रहेको छ भने दुईतारे होटलको संख्या ५० रहेको छ। तीनतारे होटलको संख्या ४१ रहेको छ भने ४ तारे होटलको संख्या ४ रहेको छ। पाँचतारे होटलको संख्या ११ रहेको छ।

त्यस्तै पर्यटकस्तरीय होटलको संख्या ४ सय ८० रहेको छ। आगामी ३ वर्षमा पर्यटन क्षेत्रमा ८३ अर्ब रुपियाँ लागानी गर्न लक्ष्य रहेकोमा ८ अर्ब सरकारले र बाँकी निजी क्षेत्रले लगानी गर्ने अपेक्षा राखिएको छ। पर्यटनविद् प्रचण्डमान श्रेष्ठले भारत र चीनका नागरिकमा भ्रमण गर्ने परम्परा बढ्दै गएको बताउनुभयो। भोलिको आशा देखेर पनि नेपालमा लगानी बढेको श्रेष्ठको पनि धारणा छ। पर्यटनमैत्री वातावरण, पर्यटकलाई सुरक्षाको प्रत्याभूति र पूर्वाधारको विकास गर्न सके नेपालको पर्यटन व्यवसाय उज्ज्वल रहेको धारणा श्रेष्ठको रहेको छ।





# दिगो निर्माणका लागि भरपर्दो डन्डी

केही दिनअघि नेपाल नाप, तौल तथा गुणस्तर विभागले काठमाडौं स्टिल प्रालि नवलपरासीद्वारा उत्पादित फलामे डन्डी गुणस्तहीन भएको भन्दै कम्पनीलाई कारबाही मात्र गरेन कम्पनीको उत्पादन लाइसेन्स नै खारेज गरिदियो। संरचना बलियो, दिगो र भूकम्प प्रतिरोधी बनाउने विषयमा सरकारी तथा निजी क्षेत्रबाट पहल हुँदै गर्दा उक्त कारबाही भएको हो।

उत्पादन कम्पनीले नेपाल गुणस्तरका छड उत्पादन गरेन भने त्यस्ता कम्पनीहरूलाई सरकारले उत्पादन रोक्ने, लाइसेन्स खारेज गर्ने जस्ता कारबाही गर्न सक्ने व्यवस्था छ।

उल्लेखित घटनाले मुलुकको पूर्वाधार विकास तथा संरचना निर्माणका लागि चाहिने गुणस्तरीय सामग्रीको छनोट र प्राविधिकरूपमा त्यसको सही प्रयोग गर्ने विषयमा गम्भीर हुनुपर्छ भन्ने विषयमा सचेत गराएको छ। हरेक संरचना बनाउँदा निर्माणकर्ता र प्राविधिकबीच छलफल तथा चासोको विषय बन्ने गरेको छ।

अहिले हरेक आवासीय तथा व्यावसायिक भवन, जलविद्युत् आयोजना, पुल, सुरुङमार्ग निर्माण, सिँचाइ आयोजना, नहरलगायतका भौतिक संरचना निर्माणमा फलामे छडको प्रयोग अनिवार्य छ। प्रयोगकर्ताले पनि मूल्य, गुणस्तर र आफू कुन प्रयोजनका लागि छड किन्न लागेको हो भन्ने कुरालाई मनन गरेर मात्र त्यसको खरिद गर्नुपर्नेछ।

बजारमा सस्तो पाइयो भन्दैमा नेपाल गुणस्तर चिह्न नपाएका तथा सरकार परीक्षण नगरिएका सामग्री खरिद गर्न हुँदैन भन्ने विषयमा सचेत गराएको छ। नेपालमा उत्पादन भएका निर्माण सामग्री छन् त्यसका निम्ति उपभोक्ताले ब्रान्डप्रति सचेत हुनुपर्ने सुझाव व्यवसायीको छ।

नेपालमा पूर्वाधार विकास र पुनर्निर्माणले गति लिँदै गर्दा निर्माण सामग्रीप्रति धेरैको चासो छ। सरकारले आफ्नो नीति तथा कार्यक्रम र आगामी आर्थिक वर्षको बजेट मार्फत पूर्वाधार निर्माणको क्षेत्रलाई विशेष प्राथमिकतामा राखेको सन्दर्भमा अब बजारमा यसको माग पनि उच्च छ भन्ने कुराको संकेत गर्छ। भूकम्पले प्रभावित भएका संरचनाहरूको पुनर्निर्माणको काम अझै सकिएको छैन। हाल संरचना पुनर्निर्माण तथा नयाँ पूर्वाधार विकास कार्यक्रमअन्तर्गत साना तथा ठूला परियोजनाका काम तीव्र गतिमा बढिरहेका छन्। भूकम्पले पूर्ण र आंशिकरूपमा क्षति पुर्‍याएका संरचना पुनर्निर्माण गर्दा कसरी बलियो र दिगो बनाउन सकिन्छ भनेर प्राविधिकको सहयोग लिनु जरुरी छ। यसका अतिरिक्त प्रयोग हुने सामग्रीको गुणस्तरमा पनि ध्यान दिनु जरुरी हुन्छ।

स्थानीय तहमा जनप्रतिनिधि आइसकेपछि निर्माणको कामले बढी प्राथमिकता पाएको छ। व्यवस्थित संरचना निर्माणका निम्ति यो महत्त्वपूर्ण पक्ष पनि हो।

त्यसबाहेक विगतदेखिकै योजना जलविद्युत् आयोजनामा, पुल, नहर, व्यावसायिक तथा आवासीय भवन निर्माणमा छडको खपत उच्च छ। नेपाल गुणस्तर तथा नापतौल विभागले फलामे छड उत्पादन कम्पनीका लागि नेपाल गुणस्तर (नेपाल गुणस्तर:१९१) अनिवार्य गरेको छ। यस आधारमा पनि नेपालमै उत्पादित डण्डी साना-ठूला दुवैखाले संरचना निर्माणका लागि गुणस्तरयुक्त हुनै पर्छ।



नेपाल गुणस्तरले राखेअनुसार '५०० डी' भनेको एउटा ब्रान्डका रूपमा स्थापित भएको छ। तर, अन्य छड पनि सोही गुणस्तर रहेको छड निर्माण कम्पनीले दाबी गर्दै आएका छन्।

> बजारमा सस्तो पाइयो भन्दैमा नेपाल गुणस्तर चिह्न नपाएका तथा सरकार परीक्षण नगरिएका सामग्री खरिद गर्न हुँदैन भन्ने विषयमा सचेत गराएको छ। नेपालमा उत्पादन भएका निर्माण सामग्री छन् त्यसका निम्ति उपभोक्ताले ब्रान्डप्रति सचेत हुनुपर्ने सुझाव व्यवसायीको छ।

नेपाली बजारमा अहिले फाइभ हन्ड्रेड डी, ग्रेड फाइभ हन्ड्रेट र टीएमटी ४१४ ग्रेडका डन्डी गरी तीन प्रकारका छड तथा डन्डीहरू उपलब्ध छन्। फाइभ हन्ड्रेड डीलाई अन्य डन्डीको तुलनामा बढी लचकदार मानिन्छ। 'फाइभ हन्ड्रेड डी' डन्डीमा शून्य दशमलव ७५ प्रतिशत मात्र फोस्फोरस र सल्फरको प्रयोग भएको हुन्छ जस कारणले अन्य डन्डीभन्दा यो बढी लचक हुनाले भूकम्पलगायतका विपद्मा जोखिम कम हुने प्राविधिकहरूको दाबी छ।

फाइभ हन्ड्रेड डी डन्डीको गुणस्तर बढी हुने भएकाले पनि यो अरू डन्डीभन्दा महँगो छ। छडको गुणस्तर तथा भूकम्प प्रतिरोधीपनलाई त्यसको लचकतासँग दाँजेर हेर्ने गरिन्छ। छडमा बढी लचकता भएमा त्यसलाई बढी गुणस्तरीय भूकम्प प्रतिरोधी ठानिन्छ। लचकता भनेको स्टिल हल्लिँदा पुनः पुरानो स्थानमा फर्किनु हो। राम्रो डन्डीमा स्ट्रेच अर्थात् लचकता बढी हुने भएका कारण संरचना फेरि पुरानो अवस्थामा फर्किन्छ। त्यसले गर्दा स्टिल बढी भूकम्प प्रतिरोधी हुन्छ। नेपाल भूकम्पीय जोखिम उच्च रहेको क्षेत्र हो भन्ने जानकारी हुँदाहुँदै पनि छड तथा डन्डी भूकम्प प्रतिरोधी छन् वा छैनन् भनेर अनुगमन गर्ने विषयमा भने सरकार उदासिन जस्तै देखिन्छ।

टीएमटी स्टिलको प्रयोग ठूला संरचना निर्माणका लागि अनिवार्य जस्तै भइसकेको छ। नेपालमा जलविद्युत्लगायत ठूला निर्माणका लागि डन्डीलगायतका निर्माण सामग्री भारत, चीन र टर्कीलगायत मुलुकबाट आयात हुन्छ। संरचना निर्माणका लागि नेपालमा बनाइएको मापदण्ड 'नेपाल गुणस्तर' अनुसार छडको उत्पादन गरिरहेको कम्पनीले दाबी गर्दै आए पनि ठूला परियोजना निर्माणका लागि छड आयात भइरहेको छ।

हरेक संरचना निर्माणको मेरुदण्डका रूपमा रहेको छड तथा स्टिल कम्पनीले भोग्ने समस्याको फेहरिस्त पनि लामो छ। सरकारले आन्तरिक उत्पादनलाई बढावा दिन नसक्नु र आयातित छडलाई मुलुकभित्रकै उत्पादनले प्रतिस्थापनका लागि कुनै पहल गर्न नसक्नु सबैभन्दा ठूलो चुनौती हो। सरकारले नै आन्तरिक उत्पादनलाई प्रवर्द्धन गर्न सकेको देखिँदैन। कच्चा पदार्थको आयातमा प्रक्रियागत ढिलाइ, बैंकिङ क्षेत्रमा बेला-बेलामा देखिने तरलता अभावका कारण कर्जा नपाइने जस्ता चुनौती पनि यस क्षेत्रमा रहेको व्यवसायीको गुनासो रहेको छ।

विगत लामो समयससम्म जारी ऊर्जा संकटलाई पछिल्लो समयमा न्यूनीकरण भए पनि अझै ढुक्क हुन सक्ने अवस्था भने छैन। साथै रिसाइक्लिङ प्रक्रियालाई भरपर्दो र मापदण्डअनुसार हुनुपर्छ भन्ने पहल जारी छ। कतिपय अवस्थामा कबाड पेलेर बन्ने स्टिलमा कार्बन, म्यागिनज, फस्फोरस कन्टेन्ट कम हुन्छ जसका कारण स्टिलमा हुने विशेष गुण कम हुन जान्छ। स्टिल उत्पादनमा दुई किसिमका फर्नेस प्रयोग गरिन्छ। आर्क फर्नेसबाट बनेको प्राइमरी स्टिल हुन्छ भने ब्लास्ट फर्नेसबाट बनेको सेकेन्डरी स्टिल हुन्छ। ब्लास्ट फर्नेसबाट बनेकोलाई थप ल्याडल रिफाइन गर्नुपर्ने हुन्छ। उत्पादन मूल्य नै एकदमै महँगो पर्न जाने भएकाले ब्लास्ट फर्नेस प्रविधिबाट बनेका छड भने नेपालमा उपलब्ध छैनन्।

विद्युत आपूर्ति सहजरूपमा हुन थालेपछि नेपालमा स्टिल उत्पादनको क्षेत्रमा आत्मनिर्भरतातर्फ अगाडि बढिरहेको उद्यमीहरूले बताउँदै आएका छन्। स्टिल र छड उद्योगमा पहिले सहज विद्युत आपूर्ति नहुँदा उत्पादनमा प्रभाव पारे पनि हाल प्रमुख समस्या र चुनौतीका रूपमा सरकारको नीति नियम नै रहेको उनीहरूको गुनासो छ। सरकारी संयन्त्रले नै कच्चा पदार्थ मुलुकभित्रै उत्पादन गर्ने लगायत स्टिल उद्योगको उत्पादकत्व विकास र बजार प्रवर्द्धन गर्न सके केही वर्षभित्रै आत्मनिर्भर हुन सक्ने उनीहरूको भनाइ छ।

अमेरिकी डलर र इन्धनको मूल्यमा हुने तीव्र उतार-चढावले कच्चा पदार्थको मूल्यमा फरक आइरहने र भारतले ओभरलोडमा कडाइ गरेपछि नेपालमा बेला-बेलामा छड उत्पादनका लागि चाहिने कच्चा पदार्थको अभाव देखिने गरेको छ।

मुलुकभर वार्षिक १० लाख टनभन्दा बढी डन्डी अथवा छडको माग रहेको अवस्थामा हाल नेपालभित्रैको उत्पादनले मागको आधाजसो मात्रै धानेको छ। स्वदेशमा हाल ५ लाख टनभन्दा बढी डन्डी उत्पादन हुँदै आएको छ। नेपालमै उत्पादित छडले आफ्नो गुणस्तरमा अब्बल रहेको दाबी गर्दै आए पनि विभिन्न ठूला आयोजनामा भने अझै पनि विदेशी छड नै प्रयोग हुने गरेको छ। नेपालमै उत्पादित डन्डीले नेपाली बजारमा ८० देखि ९० प्रतिशत खपत हुने गरेको छ। केही प्रतिशत भारतमा पनि निर्यात हुने गरेको छ। भारतबाट छडका लागि चाहिने कच्चा पदार्थ प्राइम ब्लेड आयातमा उच्च परनिर्भरताका कारण नेपालमा उत्पादित छडमा लागत बढी पर्ने गरेको उद्योगीहरू बताउँछन्। नेपालमा उत्पादित छड गुणस्तरका हिसाबले अन्य मुलुकमा निर्मित छडसँग प्रतिस्पर्धी भए पनि उत्पादन लागत बढी रहेकाले मूल्यका हिसाबले भने महँगो रहेको छ।

मुलुकमा १ दशमलव ५ मिलियन टन वार्षिक माग रहेको स्टिल तथा डन्डी बाहिरी प्रयोजनका लागि पनि उत्तिकै मात्रमा प्रयोग हुने गरेको छ। रोलिङ, ढोका, फलामे बार, टेबुल, कुर्सीलगायतमा पनि प्रयोग हुने गरको छ। यस्ता बाहिरी प्रयोजनका लागि प्रयोग हुने फलाम र छडमा खिया लाग्न नदिन विशेष सावधानी अपनाउनुपर्दछ। खिया प्रतिरोधी पेन्टको प्रयोगले ढोका तथा बारमा लाग्ने खिया लाग्ने समस्याबाट राहत पाउन सकिन्छ। त्यस्तै तेल, गिरिजलगायत चिल्लो पदार्थको प्रयोग पछि डिग्रिजरको प्रयोग गर्दा दिगो बनाउन मद्दत पुग्छ।

